नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय

# नापी विभाग

स्थलरुप नापी महाशाखा मीनभवन, काठमाडौं ।
३० दिने वोलपत्र र १५ दिने दरभाउपत्र आह्वानको सूचना
सूचना प्रकाशित मिति २०६७/१०/२७)

यस महाशाखाको र सीमानापी टोलीको आ.व. ०६७।६८ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये निम्न लिखित प्याकेजमा सामानहरु खरिद गर्नु पर्ने भएकाले सो सामान आपूर्ती गर्न इच्छुक इजाजत प्राप्त फर्म/संस्था/कंपनीले देहाय वमोजिमको शर्तहरुको अधिनमा रही रित पूर्वकको छुट्टाछुट्टै सिलबन्दी वोलपत्र तथा/दरभाउपत्र पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी वोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं र दरभाउपत्र १५ औं दिनको ४:०० बजेसम्म देहायमा उल्लेख भएका प्याकेजहरुको तोकिएको रकम (फिर्ता नहुने) बुझाई यस महाशाखा, भू-सूचना तथा अभिलेख विभाग, बबरमहल र कोष तथा लेखा नियन्त्रण कार्यालय, त्रिपुरेश्वर मध्ये कुनै एकबाट खरिद गर्न सकिने छ । अन्तिम दिन बिदा परेमा त्यसको भोलीपल्ट कार्यालय खुलेको ४:०० बजे सम्म खरिद गर्न सकिने छ ।

२. सिलबन्दी वोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन र दरभाउपत्र १६ औं दिन, दिनको १२:०० बजे भित्र यस महाशाखामा दर्ता गराई सक्नु पर्नेछ । सो दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिनको १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ ।

३. पर्न आएको सिलबन्दी वोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन र दरभाउपत्र १६ औं दिन दिनको २:०० बजे यस महाशाखामा उपस्थित फर्म/संस्था/कंपनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर फर्म, संस्था, कंम्पनीको प्रतिनिधिहरु उपस्थित नभए पनि सिलबन्दी वोलपत्र र दरभाउपत्र खोल्न वाधा पर्ने छैन । उक्त सिलबन्दी वोलपत्र र दरभाउपत्र खोल्ने दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन १२:०० बजे सिलबन्दी खोलिने छ ।

४. वोलपत्रको मान्य अवधि भएको आफुले कवुल गरेको रकमको कम्तिमा २.५% (अढाई प्रतिशत) रकम बराबरको यस महाशाखाको नाममा मान्यता प्राप्त बैंकबाट जारी भई वोलपत्रको मान्य अवधि भन्दा कम्तिमा एक महिना बढी म्याद भएको विडवण्ड वा नेपाल राष्ट्र बैंक थापाथलीमा यस महाशाखाको नाममा रहेको धरौटी खाता नं.१३१३७७ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनुपर्नेछ ।

५. वोलपत्र र दरभाउपत्र साथ सिलबन्दी वोलपत्र दाता र दरभाउदाताको ग्राहयताको आधार तथा प्रमाणित गर्न देहायको कागजात पेश गर्नु पर्नेछ ।
क) फर्म/संस्था/कंपनी दर्ता प्रमाणपत्रको प्रतिलिपी (ख) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी (ग) मूल्य अभिवृद्धि कर र PAN दर्ता प्रमाणपत्रको प्रतिलिपी (घ) आयकर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी (ङ) वोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नबाझिएको र सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा घोषणाको सक्कल प्रति राख्नु पर्नेछ ।

६. सिलबन्दी वोलपत्र र दरभाउपत्र फारम बुझाउदा सिलबन्दी गरी खामको बाहिर आपूर्ती गर्ने सामानको नाम लेखि सिलबन्दी वोलपत्र/दरभाउपत्र भनि स्पष्ट संग उल्लेख गर्नु पर्नेछ । आपूर्ती गर्ने सामानको स्पेसिफिकेसन, फाराम साथ संलग्न गरिएको छ ।

७. सूचनाको दफा ५ वमोजिम कागजात नभएको, रीत नपुगेको, दस्तखत तथा छाप नभएको र स्पेसिफिकेसन अनुसार नभएका वोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सोही नियमावली २०६४ र अन्य प्रचलित कानुन वमोजिम हुनेछ ।

८. सिलबन्दी वोलपत्र र दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नापी विभागमा रहने छ ।

९. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समय भित्र महाशाखाको भण्डार शाखामा सम्पर्क राख्न सकिनेछ । वेब साइटमा पनि सूचना राखिएको छ । (www.topography.gov.np)

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वोलपत्र | प्याकेज १ | उत्पादन तर्फको प्राविधिक सामान | रु.१०००।- | ३० दिने |
| २ | वोलपत्र | प्याकेज २ | वर्क स्टेशन कम्प्युटर | रु.१०००।- | ३० दिने |
| ३ | दरभाउपत्र | प्याकेज ३ | ब्राण्डेड डेक्सटप कम्प्युटर | रु.३००।- | १५ दिने |
| ४ | दरभाउपत्र | प्याकेज ४ | प्लटर मेशिन | रु.३००।- | १५ दिने |
| ५ | दरभाउपत्र | प्याकेज ५ | इमेज डाटा | रु. ३००।- | १५ दिने |
| ६ | दरभाउपत्र | प्याकेज ६ | A0 साईजको फोटोकपी मेशिन | रु.३००।- | १५ दिने |